# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।२४ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला प्राविधिक कार्यालय, गौर रौतहटका ईन्जिनियर अजयकुमार ठाकुरले विद्यालयको पर्खाल र बाटो निर्माणको काम सम्पन्न भएपश्चात अन्तिम भुक्तानीको लागि बिल कागजात तयार पार्ने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाइ घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निजलाई रु.४५,०००।-(पैतालीस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा मिति २०७५/०३/२२ गते निजकै कार्यालय परिसरबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी